त्रिपुरा सुन्दरी गाउँपालिका समक्ष प्रस्तुत गरिएको

# त्रिपुरासुन्दरी गाउँ पालिकाको आर्थिक वर्ष ०७९/०८० को सार्वजनिक सुनुवाइ सम्बन्धी

**प्रतिवेदन**

प्रतिवेदक

एम.फोर.मिडिया प्रा.लि.

# त्रिपुरासुन्दरी गाउँ पालिकाको आर्थिक वर्ष ०७९/०८० को सार्वजनिक सुनुवाइ सम्बन्धी

# प्रतिवेदन

**सार्वजनिक सुनुवाइ संयोजन गर्ने संस्थाको नाम, थर र ठेगाना :** एम.फोर.मिडिया प्रा.लि., धादिङ ।

**सुनुवाइ गरिएका विषयवस्तुहरु :** धादिङ जिल्लाको त्रिपुरासुन्दरी गाउँ पालिकामा आ. व. २०७९/०८० मा यस कार्यालय मार्फत सम्पादन भएका कार्यक्रमहरु

क) वार्षिक स्वीकृत बजेट

ख) लक्षित समुदायका कार्यक्रम

ग) सामाजिक सुरक्षा कार्यक्रम

घ) उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निमाण

**कार्यक्रम आयोजना गरिएको मिति :**२०८० साल जेठ १७ देखि २३ गतेसम्म

**अतिथिहरु :** राजु उप्रेती : अध्यक्ष त्रिपुरासुन्दरी गाउँ पालिका, देवराज धरेलः उपाध्यक्ष त्रिपुरासुन्दरी गाउँपालिका, भीमप्रसाद पराजुली, प्रशासकीय अधिकृत त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यालय, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, सेवाप्रदायक सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, गैरसरकारी संस्थाका प्रतिनिधिहरु ।

**सहभागिहरु :** उपभोक्ता समितिका पदाधिकारी, सदस्यहरु, स्थानीय समूह, संस्थाका पदाधिकारीहरु, विभिन्न सहकारी संस्थाका प्रतिनिधिहरु, आमा समूह, क्लव तथा अन्य समूकका प्रतिनिधिहरु, शिक्षक तथा लक्षित समुदायका प्रतिनिधिहरु, सेवाग्राहीहरु ।

**कार्यक्रम सञ्चालन :** डा. मुरारी अधिकारी : गोरखापत्र दैनिकमा कार्यरत, राजाराम शर्मा- कान्तिपुर टेलिभिजन कार्यरत

**पृष्ठभूमि :**

सार्वजनिक सुनुवाइ भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा बसेका स्थानीय निकायका पदाधिकारीहरुवीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रक्रिया हो । अझ स्पष्ट शब्दमा भन्नुपर्दा सरकारको मुख्य दायित्व नागरिकलाई सहज रुपमा सेवा सुविधा प्रवाह गर्नु हो । त्यसैले सरकार नागरिकमैत्री हुनुपर्छ अर्थात् जनतासँग प्रत्यक्ष उत्तरदायी हुनुपर्छ । लोकतान्त्रिक शासन व्यवस्थाको गहना नै जनताप्रति उत्तरदायी सरकार हो । यसको लागि हरेक सरकारी निकायहरुले सकेसम्म आफूले प्रवाह गरेको सेवाको समिक्षा गर्न सार्वजनिक सुनुवाई गर्नु जरुरी छ । निरन्तरताको सतर्कताबाट मात्र स्वतन्त्रताको मूल्य प्राप्त गर्न सकिन्छ । जनता सचेत नभईकन सेवाप्रदायक जनउत्तरदायी हुन सक्दैनन् । यसर्थ, सेवाग्राही नागरिकहरुलाई प्रभाव परिरहेको वा प्रभाव पार्न सक्ने बिषयवस्तुलाई केन्द्रित बनाई सरोकार राख्ने नागरिकहरु र अधिकार प्राप्त व्यक्तिहरुबीच साझा समझदारी कायम गरी सुधार गर्न व्यवस्थित रुपमा जनमञ्च वा सार्वजनिक संवाद वा सार्वजनिक बैठक सञ्चालन गर्ने प्रक्रिया नै सार्वजनिक सुनुवाई हो ।

सार्वजनिक सुनुवाईको अभ्यासबाट सार्वजनिक क्षेत्रमा कार्यरत राष्ट्रसेवकहरुको निर्णय प्रक्रियामा पारदर्शिता र कार्यसम्पादनप्रतिको जवाफदेहितालाई वृद्धि गर्न समेत सार्वजनिक सुनुवाई सेवाग्राहीहरुको धारणा र गुनासाहरु, आधिकारिक व्यक्तिहरुबाट विचार र धारणा, साझा समझदारी तथा प्रतिबद्धता कायम गर्नका लागि सहयोग पुऱ्याउँछ । नागरिकले प्राप्त गरेका सेवाहरुमा तिनै नागरिक सन्तुष्ट छन्कि छैनन भनेर थाहा पाउन स्थानीय स्तरमा नै सार्वजनिक सुनुवाई गर्नु आवश्यक हुन्छ । उद्देश्यपरक ढंगबाट व्यवस्थित रुपमा सञ्चालन भएको सार्वजनिक सनुवाईले सम्बन्धित निकाय, व्यक्ति, नागरिक समाज, सेवाग्राही सबैलाई सकरात्मक सन्देश दिई मनोवल वृद्धि गर्न सहयोग पुऱ्याउँछ र यसबाट समाजमा सुशासनको संस्कार स्थापना गर्न मद्दत गर्दछ । यसैका लागि त्रिपुरासुन्दरी गाउँपालिका, वडा कार्यालय, सार्वजनिक सेवा प्रदायकहरुले प्रवाह गरेका सेवाहरु बारे सार्वजनिक सुनुवाई सम्पन्न गरी यो प्रतिवेदन तयार गरी गाउँपालिका समक्ष पेश गरिएको छ ।

**सार्वजनिक सुनुवाइमा प्रयोग गरिएको आचार संहिता**

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समयबितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन जरुरी हुनेछैन ।

६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

**सार्वजनिक सुनुवाई गर्नुको उद्देश्य :**

- त्रिपुरासुन्दरी गाउँ पालिकामा जनताहरुको पहुँचको अवस्था थाहा पाउनु,
- गाउँपाकिलाबाट प्रवाह गरिएका सेवा तथा सुविधाहरुको बारेमा जनअभिमत संकलन गर्नु
- नागरिक बडापत्रको कार्यान्वयनको अवस्था बारेमा जानकारी लिनु ।
- गाउँपालिकाले निर्माण गरेका योजना अझ पारदर्शी र जनमुखी बनाउनको लागि सुझाव लिनु,
- बजेट कार्यान्वयनको अवस्था पत्ता लगाउनु,
- विनियोजित बजेटको कार्यान्वयनको अवस्था पत्ता लगाउनु ।

**सूचना प्रशारण :**

सार्वजनिक सुनुवाई कार्यक्रमको अनलाइन, रेडियो, पालिकाको फेसबुक पेज र वेइवसाइट मार्फत प्रकाशन तथा प्रशारण गरिएको छ । साथै, संबन्धित क्षेत्रका राजनीतिक दलका प्रतिनिधिहरु, उपभोक्ता समूहहरु, नागरिक समाज, त्यस क्षेत्रमा कार्यक्रम गरिरहेका गैरसरकारी संस्थाहरु र क्रियाशील सञ्चारकर्मीहरुलाई रेडियो मार्फत सूचना गरी कार्यक्रमको जानकारी गराइएको थियो ।

**पूर्वसूचना संकलन :**

सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाको सहयोगमा पूर्व तयारी समेत गरिएको छ । विगतमा भएका सार्वजनिक सुनुवाईको प्रतिबद्धता र कार्यान्वयनको अवस्था, सार्वजनिक सुनुवाईमा उठ्नसक्ने बिषयहरु र त्यसको कार्यान्वयनको अवस्था आदि विषयहरुमा पूर्व सूचना संकलन गरिएको थियो भने प्रभावकारी रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न त्रिपुरासुन्दरी गाउँपालिकामा आउने सेवाग्राहीसंग सूचना संकलन गरिएको छ ।

**कार्यक्रममा सहभागिता :**

कार्यक्रममा त्रिपुरासुन्दरी गाउँपालिकाकाको कार्यालय,फुलखर्क धादिङ, गाउँ स्तरका अन्य सरकारी कार्यालयका प्रमुख एवम् प्रतिनिधिहरु, वडास्तरका कार्यालय तथा जनप्रतिनिधिहरु लगायत निम्नानुसारका व्यक्ति व्यक्तित्वहरु र स्थानीय सेवाग्राहीहरुको सहभागिता रहेको थियो ।

- गाउँपालिकाका अध्यक्ष
- गाउँपालिकाका उपाध्यक्ष
- गाउँपालिकाका प्रशासकीय अधिकृत
- वडा अध्यक्षहरु
- वडाका सदस्यहरु
- गाउँकार्य पालिकाका सदस्यहरु
- वडा सचिव
- प्राविधिकहरु
- विभिन्न राजनैतिक दलका प्रमुख/प्रतिनिधि

- विभिन्न योजनाका उपभोक्ता समितिका अध्यक्ष, पदाधिकारी र सदस्यहरु
- स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गरिरहेका गैरसरकारी संस्थाका प्रतिनिधिहरु
- विभिन्न संघ/संगठन/समूहका प्रमुख/प्रतिनिधि
- स्थानीय बुद्धिजीवी, समाजसेवी तथा सेवाग्राही उपभोक्ताहरु
- लक्षित समुदायका प्रमुख/प्रतिनिधिहरु

**सार्वजनिक सुनुवाइले अंगिकार गरेका कुराहरु**

- नीतिका आधारमा त्रिपुरासुन्दरी गाउँपालिकाले कसरी सेवा प्रवाह गरिरहेको छ ?
- वडाभित्र भएका विकास निर्माण, सेवा प्रवाहप्रतिको गुनासो वा जिज्ञासा के कस्ता छन् ?
- सेवा प्रवाहलाई सबैको सर्वसुलभ पहुँचमा कसरी पुऱ्याउन सकिन्छ ।
- सार्वजनिक सुनुवाईबाट आएका सुझावहरुलाई कसरी कार्यान्वयन गर्दै जान सकिन्छ ।
- गाउँपालिकाले गर्ने कामलाई कसरी सहज, पारदर्शी र आम सेवाग्राहीको अपेक्षाअनुरुप बनाउन सकिन्छ ।

**सार्वजनिक सुनाइमा उठेका प्रश्न/जिज्ञासा र उत्तर :**

**पहिलो दिन** (२०८० **जेठ १७ गते** ) **स्थान : वडा नं ३ को वडा कार्यालय**

| क्र.सं. | गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव/तर्क | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | केदार बहादुर थापा | मुलपानी साविक ७ मा पैसा देखिएन प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा डोजर | राजु उप्रेती देवराज धरेल कमलबहादुर धरेल | साविक ७ मा कम परेको हो तर बजेट नै विनियोजन नभएको होइन, ३ लाख विनियोजन भएको, |

| | | | | |
|---|---|---|---|---|
| | | लाउन पाइन्छ ?<br>कृषिमा बजेट कम देखियो,<br>बजेट विनियोजनमा वडा अध्यक्षको मनोमानी देखियो<br>काम भन्दा बढी भुक्तानी भएको पाइयो | भीम पराजुली | आगामी वर्ष टोल भेलाबाट कार्यक्रम छनोट गर्ने<br>सबै क्षेत्रबाट बजेट माग गरी विनियोजन भएको,<br>काम भन्दा बढी भुक्तानी दिन नमिल्ने दिइएको पाइएमा कारवाही हुने |
| २. | शेरबहादुर भण्डारी | रणनीतिक योजना अनुसार काम भयो भएन<br>विपद् व्यवस्थापनमा कमजोर<br>टुक्रे बजेट विनियोजन गर्न नहुने<br>शिक्षामा परिवर्तन जरुरी रहेको<br>एक वडा एक एम्बुलेन्स आवश्यक<br>दशैंबाटोको गुनासा धेरै आएको<br>कृषिलाई थप प्राथमिकता दिनु पर्ने<br>योजना तर्जुमा अनिवार्य गर्नुपर्ने | राजु उप्रेती<br>देवराज धरेल<br>कमलबहादुर धरेल<br>भीम पराजुली | सुझाव प्रभावकारी रहेको, आगामी नीति तथा कार्यक्रम र बजेट बनाउँदा शिक्षा, स्वास्थ्य र कृषिका क्षेत्रमा नवीन कार्यक्रम निर्माण गर्ने<br>राणनीतिक योजना अनुसार काम भैरहेको<br>आधारभूत शिक्षा निशुल्क गरेको अव गुणस्तरमा ध्यान दिइएने<br>दशैंमा बाटो निर्माणमा कुनै घोटला नभएको जनप्रतिनिधिहरुलाई कामको बाँडफाँड गरेको |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ३ | पदमबहादुर गुरुङ | कुलो मर्मत हुन सकेन | कमलबहादुर थापा | मर्मतलाई माग प्रस्तुत गर्न आग्रह |
| ४ | दीपक अधिकारी | बाखा पालनलाई अनुदान दिनु पर्ने | भीमप्रसाद पराजुली | अनुदान दिइएको, नियम पूरा गरेर माग गर्न आग्रह |
| ५ | सुबबहादुर अधिकारी | १० घर भएको गाउँमा गोरेटोबाटा नि भएन | कमलबहादुर अधिकारी | आगामी बजेटमा सम्बोधन हुने |
| ६ | मान बहादुर अधिकारी | ठूलो भञ्ज्यांग बाटोमा रकम परेन | कमलबहादुर अधिकारी | थोरै रकमले सम्बोधन भएको |
| ७ | कुमार नेपाली | सेवा प्रवाह राम्रो रहेको<br>शिक्षा निशुल्क हुँदा सन्देश राम्रो गएको<br>उपभोक्ता समितिले प्रक्रियागत ढँगसँग काम गर्न नसकेको | भीमप्रसाद पराजुली | उपभोक्ता समितिलाई आवश्यक तालिम दिएरमात्र काम गराउने |
| ८ | अञ्जना कोइराला | ख वर्गका अपाँगले पनि राहत नपाएको | भीमप्रसाद पराजुली | कागजपत्र लिएर कार्यालय आउन आग्रह |
| ।९. | जगदिश अधिकारी | अंग्रेजीमा वडाबाट नै सिफारिस बनाउन सुरुवात गनुपर्ने<br>योजना फर्छ्यौट गर्न जटिल हुने गरेका | राजु उप्रेती<br>देवराज धरेल<br>कमलबहादुर धरेल<br>भीम पराजुली | अंग्रेजी सिफारिस बनाउन आवश्यक जनशक्ति नभएकाले हो, अब केही समयमा व्यवस्थापन हुने<br>योजना सम्झौता र |

| | | | | |
|---|---|---|---|---|
| | | कर्मचारी सबै खटिएको देखिदैन<br>मनपाङ खोला सल्यान्टार बृहत खानेपानी योजनामा पाइप लाइन जाने बाटोका बासिन्दालाई जानकारी नभएको | | फछ्र्यौटका लागि वडाबाट नै सम्झौता गर्ने व्यवस्था गर्ने<br>मनपाङ खोला सल्यान्टार बृहत खानेपानी योजनामा समितिले समन्वय गरिरहेको |
| १० | बेदबहादुर अधिकारी | भल व्यवस्थापन हुन सकेको छैन<br>कजवे व्यवस्थापन नहुँदा निकै दुख भएको | राजु उप्रेती<br>कमलबहादुर धरेल | भल व्यवस्थापनको काममा केही जटिलता रहेको<br>कजवे निर्माणका लागि पहल भइरहेको, सकेसम्म पुल निर्माणको लागि भइरहेको |
| ११ | हरिबहादुर थापा | बजेट विनियोजन हुँदा सूचना पाइएन<br>मरनघाटको बाटो राम्रो भएन | राजु उप्रेती<br>भीमप्रसाद पराजुली<br>कमलबहादुर धरेल | मरनघाट जाने बाटोका लागि आगामी वर्ष बजेट विनियोजन गरिने<br>बजेट विनियोजन गर्दा गाउँ भेला गरेर मात्र गर्नुपर्ने |

**दोस्रो दिन (२०८० जेठ १८ गते )** **स्थान : वडा नं ६ को वडा कार्यालय**

| क्र.सं. | गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव/तर्क | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १. | बलबहादुर भण्डारी | वर्षात्को बाटोको १८ लाख कहाँ कसरी खर्च भयो<br>भैरपरी आउने ५ लाख कसरी खर्च गरेको<br>सिँचाइका लागि पाइप खरिद कसरी भयो | हरिबहादुर विश्वकर्मा | बर्खाको बाटोका लागि ११ लाख मात्र विनियोजन भएको, वडामा छलफल गरेरमात्र खर्च गरिएको<br>सबै खर्च विवरण सुरक्षित रहेको हेर्नका लागि अनुरोध |
| २ | दिनेश बुर्लाकोटी | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | देवबहादुर बसौला | विकास शीर्षकमा बजेट छ, घोटला नि बढी भएको<br>अनुगमन प्रभावकारी नभएको<br>विद्यालयलाई पालिकामार्फत रकम विनियोजन गर्नुपर्ने<br>बजेट विनियोजन गर्दा पारदर्शी हुनपर्ने | राजु उप्रेती<br>देवराज धरेल<br>भीमप्रसाद पराजुली<br>हरि बहादुर विश्वकर्मा | अनुगमन भएको, विना अनुगमन प्राविधक मूल्याँकन नगरिएको<br>वडाबाट विद्यालयहरुलाई अनुदानमा रकम वितरण गर्न नहुने<br>गाउँटोल भेला गरेर मात्र बजेट विनियोजन गरिने |
| ४ | तिलक अधिकारी | पाइप खरिद बैज्ञानिक छैन<br>विऊ मल छनोट राम्रोसँग नभएको<br>बीमा कार्यक्रम राम्रो रहेको<br>बीमा कार्यक्रम राम्रो छ<br>शिक्षामा सबै ठाउँमा उपयुक्त लगानी नभएको | राजु उप्रेती<br>देवराज धरेल<br>भीमप्रसाद पराजुली<br>हरि बहादुर विश्वकर्मा | पाइप खरिद आवश्यक प्रक्रिया पूरा गरेका<br>वडा बाट अब सामग्री खरिद नगर्ने<br>शिक्षाका लागि प्रभावकारी बनाउने विषयमा ध्यानाकर्षण भएको |
| ५ | कृष्ण रुवाली | सोलारबत्तीले काम नगरेको<br>प्राविधिक शिक्षालयलाई राम्रो बनाउनु पर्ने | राजु उप्रेती<br>हरिबहादुर विश्वकर्मा | सोलार मर्मतकालागि आगामी बजेट विनियोजन गरिने<br>प्राविधिक शिक्षालायलाई पालिकालाई जोड्ने प्रयास |

| | | | | |
|---|---|---|---|---|
| | | | | गर्ने |
| ६ | श्यामप्रसाद पाठक | बाँदर नियन्त्रण आवश्यक रहेको | राजु उप्रेती | बाँदर नियन्त्रणका लागि उपयुक्त कार्यक्रम प्रस्ताव गर्न आग्रह |
| ७ | भक्तबहादुर केसी | टोल भेला भएको थाहा नभएको<br>खानेपानीको समस्या रहेको<br>शिव मन्दिर पूरा नभएको<br>विर्ताजाने बाटो सुधार आवश्यक<br>वडाको खर्च हेर्न पाइन्छ कि पाइदैन | हरि बहादुर विश्वकर्मा | टोलभेलाबाट मात्रै बजेट विनियोजन गरेको<br>खानेपानी समस्यालाई वडास्तरबाट मात्र समाधान गर्न कठिन रहेको<br>शिव मन्दिर निर्माण कार्यलाई आगमी वर्ष सम्बोधन गरिने<br>वडाको खर्च सबै हेर्न पाइन्छ |
| ८ | ज्ञानु श्रेष्ठ | निगारगाउँको खानेपानीको समस्या<br>भलपानी कटाउने काम भएन<br>किरियापुत्री भवनलाई सहयोग आवश्यक | राजु उप्रेती<br>भीमप्रसाद पराजुली<br>हरि बहादुर विश्वकर्मा | खानेपानी समस्या संवेदनशील रहेकाले आमागी वर्ष सम्बोधन गरिने<br>भलपानी कटाउन निर्माणका जिम्मेवारी लिएकाले स्थानीय सँग समन्वय गरेर भलपानी कटाउने व्यवस्थापन गर्नु पर्ने<br>किरियापुत्री भवनलाई आवश्यक बजेट व्यवस्थापन गरिने |

| | | | | |
|---|---|---|---|---|
| ९ | विष्णु रिमाल<br>इन्द्रबहादुर खड्का | कार्यक्रम पारदर्शी भएन<br>तारजालि व्यवस्थापन भएन | हरि विश्वकर्मा | पारदर्शी ढँगले नै काम भएको कहीँ कमजोर भएमा सुधार गरिने |
| १० | मीना श्रेष्ठ | महिला भवन निर्माणलाई सहयोग आवश्यक | राजु उप्रेती | माग गर्न आग्रह |
| ११ | नवराज थपोलिया | सहकारीहरुलाई कार्यक्रम आवश्यक | भीमप्रसाद पराजुली | सहकारीका लागि तालिमका कार्यक्रम सञ्चालन भएको सहकारीको मर्म अनुसार काम गर्न आग्रह |

**तेस्रो दिन (२०८० जेठ २१ गते दिउँसो १२:००) वडा नम्बर ४ को वडा वडा कार्यालयमा**

| **क्र.सं.** | **गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना** | **सहभागीको प्रश्न/गुनासो/ सुझाव** | **जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना** | **जवाफको छोटकरी व्यहोरा** |
|---|---|---|---|---|
| १ | रत्न बहादुर थापामगर | गाउँभेलाबाट १ नम्बरमा राखेको योजना पनि नपरेको | कपिलदेव सिँखडा | बजेटक कम योजना बढी भएकाले केही योजना छुटेको, प्रक्रिया नपुगेका र डुब्लिकेसन भएका योजनाहरु पनि छुटेको |

| | | | | |
|---|---|---|---|---|
| २ | ज्ञान बहादुर दाहाल | स्वास्थ्य चौकीमा खानेपानीको समस्या भएको<br>मनोसामाजिक समस्या देखापरेकाले परामर्शका कार्यक्रम आवश्यक<br>लम्कीस्किन डिजिज कसरी रोकथाम गर्ने<br>भेडाबाखालाई<br>लगाउनपर्ने रोग किन नलगाइएको | कपिलदेव सिँखडा | स्वास्थ्य चौकीमा खानेपानीको समस्य समाधानका लागि उपाय खोजी भइरहेको<br>मनोसामाजिक परामर्श कार्यक्रम संचालनका लागि आगमी वर्ष योजना बनाउने<br>लम्किस्किन डिजिज रोकथामका लागि बेचविखनमा रोक लगाउनुका साथै सचेतना कार्यक्रम सञ्चालन गरिने |
| ३. | प्रविण रिमाल | बाटोमा रकम भएन<br>सरकारी विद्यालयको गुणस्तर कमजोर किन भयो<br>कृषि क्षेत्रमा कम बजेट विनियोजन भयो<br>त्रिपुरा सुन्दरी मन्दिरको अतिथि गृह सम्पन्न भएन<br>हेफरको कार्यक्रमले किन निरन्तरता पाएन | कपिलदेव सिँखडा<br>राजु उप्रेती<br>देवराज धरेल | आवश्यकताका आधारमा सडक निर्माण र मर्मतमा रकम विनियोजन भएको<br>कृषि क्षेत्रमा आवश्यक रकम नपुग भएको, आगामी वर्षमा थप गरिने,<br>त्रिपुरासुन्दरी माईको मन्दिरसँगै रहेको अतिथि गृह सम्पन्न गर्न पहल गरिने<br>हेफरको कार्यक्रम जनमुखी बनाउन नसकेकाले यस अगाडिको |
| ४. | तेजबहादुर नगरकोटी | हेल्थपोष्ट भवन कहिले बन्छ<br>अनुगमनमा कमजोरी भएको छ<br>समितिमा बस्नेले १००० रुपियाँ भत्ता लिने गरेको<br>स्वास्थ्य संस्थाको पनि | कपिलदेव सिँखडा<br>देवराज धरेल | हेल्थपोष्ट भवन निर्माण हुने<br>साना योजना वडा अध्यक्ष र अन्य पालिका उपाध्यक्षबाट अनुगमन भइरहेको, अनुगमन बिना भुक्तानी नहुने<br>स्वास्थ्यसंस्थालाई आफ्ना गतिविधि सार्वजनिक गर्न आग्रह |

| | | | | |
|---|---|---|---|---|
| | | सार्वजनिक सुनुवाई हुनुपर्‍यो | | गरिने |
| ५. | खेम बहादुर राना मगर | बाँदरबाट मकै जोगाउन कठिन भएको | राजु उप्रेती | उपयुक्त विकल्प दिएमा पालिकाले सहयोग गर्न तयार रहेको |
| ६ | नवराज तिमल्सिना ( शिक्षक) | खानेपानीको समस्या ज्यूँका त्यूँ रहेको<br>विद्यालयको गुणस्तरमा ध्यान दिनु आवश्यक रहेको<br>लिफ्ट खानेपानी राम्रोसँग सञ्चालनमा आउन नसकेको<br>त्रिपुरामाईमन्दिरमा खानेपानीको सहजता नभएको | राजु उप्रेती<br>देवराज धरेल<br>कपिलदेव सिँखडा | खानेपानीको समस्या समाधानका लागि पालिकाको ध्यानाकर्षण भएको<br>लिफ्ट सञ्चालनको समस्या एकिन गरी समाधानउन्मुख हुन आग्रह,<br>मन्दिरमा खानेपानीको समस्या समाधानका लागि पहल भइरहेको |
| ७ | तेज सिँखडा | वडामा बिलभर्पाइ स्पष्ट सँग राख्नु पर्ने<br>साना योजना होइन देखिने योजना छान्नुपर्ने | कपिलदेव सिँखडा<br>राजु उप्रेती | बिल भपाई जतिबेला पनि हेर्न सकिने<br>आगामी वर्ष साना योजनालाई नभइ ठूला र ठूलो क्षेत्रलाई प्रभाव पार्ने योजनामा रकम विनियोजन गरिने |
| ८. | गोमा सिँखडा | पालिकामा मात्र किन महिला लक्षित कार्यक्रम सञ्चालन भएको<br>वडाका महिलाले महिला लक्षित कार्यक्रममा भाग लिन नपाएको | भीमप्रसाद पराजुली | पालिकामा सञ्चालन भएपनि सबै वडालाई सहभागी पाठउन परिपत्र हुने गरेको<br>वडा वडामा पनि त्यस्ता कार्यक्रम लैजाने गरी कार्यक्रम तय गरिने |

| | | | | |
|---|---|---|---|---|
| ९. | विश्वराम सिँखडा | खहरे आँपचौर सडकखण्ड ११ लाख भुक्तानी नभएको | देवराज धरेल | मापदण्ड र प्रक्रिया पूरा नभएसम्म कुने पनि योजनाको रकम भुक्तानी नहुने |

**चौथो दिन (२०८० जेठ २० गते बिहान १२:००) वडा नम्बर ५ वडा कार्यालयमा**

| क्र.सं. | गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | रामकृष्ण कुँवर | भद्रेचौर हुँदै फुलपाती १ लाख ५० हजारको बजेट केका आधारमा पास गरेको<br>भैरहेको बाटो भत्काएर नयाँ बाटो किन खोलिएको<br>लमिबाट घोरेटोबाटो आवश्यक रहेको | कुशबहादुर सिटौला | बाटो निर्माणका क्रममा केही बदमासी भएको, परम्परागत बाटोलाई संरक्षण आवश्यक रहेको<br>घोरेटो बाटोका लागि रकम विनियोजन गरिने |
| २ | रुपा अधिकारी | तल्लो कोस्टे सडक अपूरो रहेको<br>खानेपानी लिन निकै समस्या रहेको<br>लामेमा लेतेको समस्या रहेको | कुशबहादुर सिटौला<br>राजु उप्रेती | सडकको अपुरो काम आगामी वर्षमा सक्न प्रयत्न गर्ने<br>मूल दर्ता गरी समिति गठन गरेर निवेदन दिनुपर्ने<br>३०० मि. पाइप तत्काल |
| ३ | सिर्जना अधिकारी<br>चम्पा ढकाल | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | उपलब्ध गराइने |
| ४ | मुक्तिनाथ ढकाल<br>विष्णुमाया सिटौला<br>शान्ता नेपाली<br>प्रविण खाँड | चिसापानी पहिरे जानेबाटो निर्माण गरिनु पर्ने<br>खडेरीमा खानेपानीको निकै समस्या हुने<br>मन्दिर व्यवस्थापनमा ध्यान नदिइएको | कुशबहादुर सिटौला<br>देवराज धरेल<br>राजु उप्रेती | चिसापानीको बाटो आवश्यक रहेको, आगामी वर्ष समेट्नु पर्ने<br>खानेपानी समाधानका लागि विकल्प खोजी भइरहेको<br>मन्दिर व्यवस्थापनका लागि आवश्यक श्रोत र साधानको खोजीमा लाग्नु पर्ने |
| ५ | कला थापा | मुहान व्यवस्थापनमा ध्यान दिनुपर्ने<br>थापागाउँ झ्यारी सडक कहिले सम्पन्न हुने<br>टुक्रेबजेट विनियोजन गर्न नहुने<br>बजेट परेपछि त्यसको जस लिने होडबाजी हुन नहुने<br>महिलालाई अध्यक्ष बनाएर योजना अगाडि बढाउन अझै नदिइएको | कुशबहादुर सिटौला<br>देवराज धरेल<br>राजु उप्रेती | अत्यन्त राम्रो विचार आएको यसवडाका महिलाहरु निर्धक्क आफ्नो विचार राख्न सक्ने<br>टुक्रे बजेट कम गर्दै लगिने<br>महिलालाई पुरुष सरह अधिकार दिइएको |

| | | | | |
|---|---|---|---|---|
| ६ | मीना थापा | बालशिक्षिकाहरुको सञ्चयक कोश नपाठाइएको<br>शैक्षिक सामग्री उपलब्ध नभएको | भीमप्रसाद पराजुली | पालिकाले नियमानुसार तलव पठाएको<br>शैक्षिक सामग्रीका लागि मागका आधारमा खरिद र वितरण गरिने |
| | | | | |
| | | | | |
| | | | | |

राजु उप्रेती, देवराज धरेलः जनप्रतिनिधि, कर्मचारी समति सबैले आगामि दिनमा सुधार आवश्यक, जनताको काममा ढिलासुस्ती नगर्न वडा प्रतिनिधि र कर्मचारीलाई आग्रह, सबै योजना सम्पन्न गर्नका लागि योजना समितिलाई आग्रह, जनप्रतिनिधि, कर्मचारीसँगका गुनासा तत्काल भन्न आग्रह, कागजपत्र मिलाएर मात्र योजना सम्पन्न गराउने प्रचलनको अन्त्य भएको काम अनुसार मात्र भुक्तानी हुने, सबैलाई मिलाएर योजना छनोट, टोलटोलबाट योजना छनोट गर्न वडा अध्यक्षहरुलाई आग्रह, शिक्षा क्षेत्रको सुधारका लागि सबै पक्ष लागि पर्नुपर्ने, जनताको समस्यालाई प्राथमिकतामा राख्ने, न्यायिक कामकालागि प्रभावकारी काम भइरहेको, मल वितरण व्यवस्थित गरिने, सबै मिलेर काम गर्नु आवश्यक

**चौथो दिन दिन (२०८० जेठ २२ गते दिउँसो १२:००) वडा नम्बर ७ को वडा वडा कार्यालयमा**

| **क्र.सं.** | **गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना** | **सहभागीको प्रश्न/गुनासो/सुझाव** | **जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना** | **जवाफको छोटकरी व्यहोरा** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | गोकुल अधिकारी | टुक्रेबजेट सकेसम्म नहाल्दा राम्रो<br>कृषिमा अनुदान प्रभावकारी नभएको<br>पालिकाका कर्मचारी जनप्रतिनिधि ठेकेदारसँग सम्लग्न रहेको<br>पालिकाका अध्यक्ष उपाध्यक्ष बढी क्रियाशील हुनुपर्ने | सुभास अधिकारी<br>राजु उप्रेती | ठूला बजेटलाई प्राथमिकता दिइने<br>निर्वाचित हुनु अगाडि जे भएपनि जनप्रतिनिधि भएपछि व्यापार व्यवासय वा उद्योग सञ्चालन गर्न नपाइने |
| २ | शरदचन्द्र दनै | टोलविकास समितिसँग छलफल हुन नसकेको किन?<br>जनजिविका लक्षित कार्यक्रम वडा तथा पालिकाले लिनु पर्ने<br>माउरी घार, दुना टपरी मेशिन खरिद, साबुन बनाउने मेसिन, सामुदायिक भवनमा ताराबार आदि कार्यक्रम आवश्यक | सुभास अधिकारी | टोलविकास समितिसँग आवश्यक परामर्श र छलफल भइरहेको, जनजीविका लक्षित कार्यक्रमका लागि पालिका र वडाबाट आगामि बजेटमा थप सम्बोधन हेुन |

| | | | | |
|---|---|---|---|---|
| ४ | अचने माविका प्रधानाध्यापक | जनश्रमदान भनेर उल्लेख भयो काम भएन<br>सार्वजनिक सुनुवाइ नै नभइ कागजात पेश हुने गरेको<br>पालिकामा शिक्षा अधिकृतको व्यवस्थापन गरिदिनु पर्ने<br>सेवा निवृत्त शिक्षकहरुको अनुभवलाई प्रयोग गर्नु पर्ने<br>वडाका सबै क्षेत्रमा माटो परीक्षण गर्नुपर्ने | राजु उप्रेती<br>देवराज धरेल<br>सुभास अधिकारी<br>भीमप्रसाद पराजुली | जनश्रमदानलाई प्रभावकारी बनाउनु नसकिएकै छ, आगमी वर्ष थप उपाय खोजिने,<br>शिक्षा अधिकृत माग गरिएको आगामी वर्षसम्ममा आउने सम्भावना रहेको<br>सेवा निवृत्त शिक्षक कर्मचारीहरुलाई भेला गरि त्रिपुरा सुन्दरीको मार्गचित्र कोर्न लगाउने<br>माटोपरीक्षण कार्यक्रम गरिने |
| ५ | इश्वर धरेल | स्टमेट अनुसारको काम नभएको<br>अनुगमन बढी हुनुपर्ने<br>राम्रो काम गर्नेलाई पुरस्कृत गरिनु पर्ने<br>अनुदान उपयुक्त भएन, वास्तविक किसानले नपाएको | राजु उप्रेती<br>देवराज धरेल<br>सुभास अधिकारी<br>भीमप्रसाद पराजुली | स्टेमेट अनुसार काम नभएको भुक्तानी नहुने<br>अनुगमन भएको छ<br>अनुदान कार्यक्रमलाई लक्षित वर्ग लाभान्वित बनाउने गरी काम गरिने |
| ६ | रामबहादुर खड्का | बजेट वितरण समानुपातिक हिसावले | राजु उप्रेती<br>देवराज धरेल | बजेट मागका आधारमा वितरण गरिएको तर सबै |

| | | | | |
|---|---|---|---|---|
| | | भएन, पूर्वाग्रह रहेको आभास छ,<br>प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मनोमानी ढँगले चलेको छ, एकै घरका दुईतीन जना समेत रहेको, कोहीबाट नपरेको<br>सामाजिक सुरक्षाभत्ता पछि किन छुटेको<br>शिक्षा, स्वास्थ्य र सरसफाइका क्षेत्रमा सुधार आउन नसकेको<br>एक्स्रे मेसिन पनि नभएको | सुभास अधिकारी<br>भीमप्रसाद पराजुली | मागलाई भने सम्बोधन गर्न नसकिएको<br>सबै कार्यक्रम प्रभावकारी बनाउन लागि परेको तर कहीँ त्रुटिभए आगामी वर्ष सुधार गरिने<br>छुटेको सामाजिक सुरक्षाभत्ता तत्काल दिलाउन पहल गरिने<br>एक्स्रे मेसिन तत्काल लेराउन कठिन भएको, |
| ७ | सुमन धरेल | शिक्षा निशुल्क भन्ने अनि वडामा आएको रकम अनुदानका रुपमा किन दिने ?<br>स्वास्थ्यलाई पालिकाबाट हेरिनुपर्ने<br>१० लाखभन्दा बढीका योजना ठेक्कामार्फत जानुपर्ने<br>सेटिङमा अनुदान रकम ल्याउने गरेको | राजु उप्रेती<br>देवराज धरेल<br>सुभास अधिकारी<br>भीमप्रसाद पराजुली | वडाबाट विद्यालय र अन्यक्षेत्रमा अनुदान रकम वितरण नगर्न निर्देशन<br>अनुदान पारदर्शी ढँगबाट वितरण हुने गरेका |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ८ | भुवन धरेल | सार्वजनिक सुनुवाई कार्यक्रम निकै राम्रो भएको<br>वडा सदस्यहरुबाट योजना संकलन हुने काम नभएको<br>अनुदानका रकमको दुरुपयोग हुने गरेको<br>रेडक्रसलाई सहयोग आवश्यक रहेको | राजु उप्रेती<br>देवराज धरेल<br>सुभास अधिकारी<br>भीमप्रसाद पराजुली | योजना संकलन टोलटोलबाट भएको, आगामी वर्ष थप जोड दिने<br>अनुदानको रकम दुरुपयोग भए आवश्यक अनुसार कारवाही गरिने<br>रेडक्रसबाट माग आए अनुसार आवश्यकताका आधारमा सहयोग गरिने |
| ९ | शंकर रिमाल | दशैंबाटो मर्मत पारदर्शी भएन भन्ने गुनासो रहेको<br>टोलभेलाबाट योजना छनोट हुन नसकेको<br>बुढीगण्डकी प्रभावितलाई अझै घरटहरा र जग्गाको रकम नआएको<br>खहरे फाँट उब्जनशील छ, पकेट क्षेत्र घोषणा गरिनुपर्ने | राजु उप्रेती<br>देवराज धरेल<br>सुभास अधिकारी<br>भीमप्रसाद पराजुली | दशैंबाट आवश्यकताका आधारमा गरिएको<br>बुढीगण्डकीको विषयलाई लिएर निकै चरण कुरा भएको, छिट्टै आउने आश्वासन पाएको |

| | | | | |
|---|---|---|---|---|
| १० | दुर्गा बस्नेत | १७ वर्षमा विवाह भएको, अभिभावक नहुँदा विवाह दर्ता र नागरिकता बनाउन समस्या भएको | भीमप्रसाद पराजुली र राजु उप्रेती | सम्बन्धित निकायमार्फत समाधान गर्न उपाय खोजिने |
| ११. | रीता गोदार | बेलगारी महिला भवन निर्माणमा सहयोग आवश्यक | सुभास अधिकारी | आगमी वर्ष समावेश गरी सिफारिस गरिने |
| १२ | किशोर ढकाल | स्टेचर कजो्र रहेको ल्याब सेवा प्रभावकारी नभएको | यमबहादुर श्रेष्ठ | ल्याब प्रभावकारी बनाउन लागि पर्ने<br>स्टेचर सामग्री राम्रो नै रहेको |
| १३ | रणबहादुर अधिकारी | अनुदान र अनुगमनमा सुधार आवश्यक<br>अनुदानको रकम तलबमा खर्च हुने गरेको | भीमप्रसाद पराजुली | वडाबाट अनुदान दिन नहुने तलबका लागि आवश्यक रहे पालिकाले सम्बोधन हुने |
| १४ | चन्द्रबहादुर खड्का | चार वर्ष घरमा भल पस्ने समस्या समाधान नभएको | राजु उप्रेती | अनुगमन पश्चात् आवश्यक सम्बोधन गरिने |

**सातौँ दिन (२०८० जेठ २३ गते बिहान ८ बजे) वडा १ को कार्यालयमा**

| क्र.सं. | गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|

| | ठेगाना | | ठेगाना | |
|---|---|---|---|---|
| १ | विष्णुहरि उप्रेती | स्वास्थ्य बीमाको पहुँच वडाभित्र किन सबै स्थानमा भएन<br>कनिका छरेजस्तो बजेट किन विनियोजन गरेको ?<br>गाउँपालिको सोलारको अवस्था के भएको<br>एसइइ दिएर बसेका विद्यार्थीहरुलाई ब्रिज कोर्स र कम्प्युटरसम्बन्धी तालिम दिनुपर्ने<br>व्यवसायीलाई बजेटको सुनिश्चितता भएपछिमात्र काम लगाउनु पर्ने<br>स्वास्थ्य चौकीमा निशुल्करुपमा औषधी सहज रुपमा प्राप्त नभएको | राजु उप्रेती<br>देवराज धरेल | स्वास्थ्य बीमा प्रभावकारिताका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको<br>महत्वपूर्ण योजनामा बजेटलाई प्राथमिकता दिने<br>विद्यार्थीहरुलाई सीपमूलक तालिमका लागि आमामी बजेटमा समेट्न प्रयास गर्ने |
| २. | गणेश पाठक | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम प्रभावकारी भएन | भीमप्रसाद भट्ट<br>भीमप्रसाद | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम प्रभावकारी बनाउन लागी पर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | सार्वजनिक जग्गाको दोहन हुने काम भइरहेको<br>खोलाबाट ढुँगा गिट्टीबालुवा झिक्ने काम भइरहेको<br>सार्वजनिक जग्गा संरक्षणमा ध्यान किन नदिइएको | पराजुली<br>राजु उप्रेती | सार्वजनिक जग्गा दोहन गर्नेलाई कानुनी दायरामा लेराउने<br>जथाभावी ढुँगा गिट्टीबालुवा झिक्नबाट रोक्न प्रशासन प्रयोग गरिएको |
| ३ | हरिप्रसाद पन्त | विवादरहीत ढँगबाट कार्यक्रम अगाडि बढेको<br>भ्रष्टाचारबाट जोगिन जनप्रतिनिधिलाई अनुरोध<br>उपभोक्ता समिति गठन गर्दा सबैलाई समेट्न पर्ने<br>टुक्रे योजनालाई भन्दा देखिने योजनालाई प्राथमिकता दिनुपर्ने<br>आयमूलक उत्पादनमा प्राथमिकता दिएर लगानी गर्नुपर्ने | भीमप्रसाद भट्ट<br>भीमप्रसाद पराजुली<br>राजु उप्रेती | उपभोक्ता समिति टोल तथा गाउँभेलाबाट बनाइने<br>योजना छनोट र निर्माणमा सचेततापूर्वक लागि पर्ने<br>उपयुक्त सुझालाई कार्यक्रम निर्माणमा ध्यान दिने |

| | | | | |
|---|---|---|---|---|
| ४ | सञ्जु श्रेष्ठ | वडाको भिलेज प्रोभाइल बन्ने कुरा के भयो<br>स्वास्थ्य बीमा नहुँदा जटिल भएको | यमबहादुर श्रेष्ठ<br>भीमप्रसाद भट्ट | स्वास्थ्य बीमा प्रभावकारी बनाउन प्रयास भइरहेको<br>वडाको भिलेज प्रोभाइल आगामी वर्ष बनाइने |
| ५ | हरि बसौला | लोकमान सडक किन अलपत्र :<br>कृषक क्षमता बृद्धि तालिम के भइरहेको छ :<br>वडा स्तरीय सुधारिएको चुलोमा किन लगानी गरेको<br>आम भेला हुन्छ कि हुँदैन<br>पिच वरपर ढल व्यवस्थापन हुन्छ कि हुन्न ? | भीमप्रसाद भट्ट<br>भीमप्रसाद पराजुली<br>राजु उप्रेती | माग र आवश्यकताका आधारमा योजना निर्धारण गरिने<br>कृषक क्षमता बृद्धि तालिम सञ्चालन भएको<br>सुधारिएको चुलोबाट धेरैले फाइदा लिएको र प्रभावपनि सकारात्मक परेको<br>प्राविधिक स्टमेट अनुसार काम भइरहेको |
| ६ | रामकुमारी कुमाल | छरपस्ट नभै दीर्घकालिन र पारदर्शी ढँगले बजेट विनियोजन गरिनुपर्ने | राजु उप्रेती | योजना छनोट गर्दा ध्यान दिनु पर्ने |

७.**सातौं दिन (२०८० जेठ २३ गते दिउँसे २ बजे) पालिकाको कार्यालयमा**

पालिकामा भएको सार्वजनिक सुनुवाईमा उठेका जिज्ञासाहरु

- सबै वडामा बजेट निर्माण पारदशी हुनुपर्ने
- टुक्रे योजनालाई प्राथमिकता दिन नहुने
- अनुदान रकमको दुरुपयोग भएको
- स्वास्थ्य सेवामा सुधार आवश्यक रहेको
- सबै वडामा १२ नै महिना गाडी चल्ने सडक बनाउनु पर्ने
- पालिका बाट प्रदान गर्ने सेवा प्रभावकारी बनाउनु पर्ने
- सामुदायिक विद्यालय व्यवस्थापनमा सुधार आवश्यक रहेको
- योजना सम्झौता, अनुगमन र फर्छ्यौटलाई व्यवस्थित बनाउनु पर्ने
- सार्वजनिक जग्गा सुरक्षामा संवेदनशील हुनुपर्ने
- मठमन्दिर संरक्षणमा जोड दिनुपर्ने

राजु उप्रेती(अध्यक्ष)

- सबै योजना सम्पन्न गर्नका लागि योजना समितिलाई आग्रह,
- जनप्रतिनिधि, कर्मचारीसँगका गुनासा तत्काल भन्न आग्रह,
- कागजपत्र मिलाएर मात्र योजना सम्पन्न गराउने प्रचलनको अन्त्य भएको काम अनुसार मात्र भुक्तानी हुने,
- प्रक्रिया पूरा गरेरमात्र योजना छनोट, समिति गठन गर्न वडा अध्यक्षहरुलाई आग्रह,
- पुननिर्माणको काममा केही समस्या रहेको र त्यसलाई आवश्यक पहल भइरहेको,

- मुलपानीको सडकका लागि आगामी वर्ष पनि मूल सडकका हिसाव उपयुक्त बजेट विनियोजन गर्ने र विकास निर्माणमा उत्पन्न हुने समस्या समाधान गरेर काम गरेपछि कामको आधारमा भुक्तानी दिने व्यवस्था मिलाउने,
- जनप्रतिनिधि दलीय प्रतिनिधि नभइ जनताको साझा मान्छे बनेर काम गर्न अनुरोध,

देवराज धरेल(उपाध्यक्ष)

- अनुगमनका लागि जुनसुकै बेला उपस्थित भएको,
- काम अनुसार भुक्तानीको व्यवस्था भएको, पछिल्लो समय मूलपानी क्षेत्रमा बढ्दो हिंसात्मक तथा अपराधिक गतिविधि न्यूनीकरणका लागि सबै लागि पर्नुपर्ने,
- आफ्नो ठाउँको विकासका लागि सब एकजुट भएर अगाडि बढ्न आग्रह

भीमप्रसाद पराजुली (प्रमुख प्रशासकीय अधिकृत)

- अब वडा वडाबाट नै योजना सम्झौता र फर्छ्यौटको लागि व्यवस्था गरिने,
- कागजपत्र मिलाएर वडाबाट पठाउन आग्रह,
- वडा तथा गाउँपालिकाबाट प्रदान गरिने सेवालाई जनतामैत्री बनाउन लागि पर्ने,
- टोल भेलाबाट आएका कार्यक्रमलाई मात्र समेटिने,
- वडाबाट सामग्री खरिद गर्ने काम बन्द गरिने,
- वडाबाट अनुदान रकम वितरण गर्न नहुने

प्रतिवेदन दिएको मिति : २०८०।०३।१७

सार्वजनिक सुनुवाइ संयोजकको दस्तखत :